## नेपाल नागरिक उड्डयन प्राधिकरण
## चन्द्रगढी नागरिक उड्डयन कार्यालय

भद्रपुर, झापा

# सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०८/१३)

चन्द्रगढी नागरिक उड्डयन कार्यालयको लागि आवश्यक प्रशोधित पिउने पानी (Mineral Water) २० (बीस) लिटरको जार सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा १ (एक) वर्षको लागि आपूर्ति गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट सो सम्बन्धी कारेवार गर्न इजाजत पत्र प्राप्त गरेको इच्छुक फर्म/**कम्पनीले प्रचलित कानुनको अधिनमा रही सिलबन्दी दरभाउपत्र दाखिला गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ** । यो सूचना सम्बन्धी विस्तृत विवरण नेपाल नागरिक उड्डयन प्राधिकरणको वेबसाईट www.caanepal.gov.np मा राखिएको छ । साथै यस सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालयको फोन नं. ०२३-४५२०७५, ४५२४३२ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

| क.सं. | विवरण | दरभाउपत्र फाराम दस्तुर मु.अ.कर सहित | दरभाउपत्र जमानत रकम | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | दरभाउपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|
| १ | प्रशोधित पिउने पानी (Mineral Water) २० (बीस) लिटरको जार आपूर्ति गर्ने सम्बन्धमा । | रु. १,०००।- (पछि फिर्ता नहुने) | रु. १०,५००।- | सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र | सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र । | दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनको १४:०० बजे । |

नेपाल नागरिक उड्डयन प्राधिकरण चन्द्रगढी नागरिक उड्डयन कार्यालय २०५४ चन्द्रगढी, झापा

नेपाल नागरिक उड्डयन प्राधिकरण

**चन्द्रगढी नागरिक उड्डयन कार्यालय**

भद्रपुर, झापा

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०८/१३)

*चन्द्रगढी नागरिक उड्डयन कार्यालयको लागि आवश्यक प्रशोधित पिउने पानी* (Mineral Water) २० लिटरको जार दरभाउपत्रको माध्यमद्वारा आपूर्ति गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित कार्यको लागि दर्ता भएका इच्छुक उत्पादक फर्महरुबाट निम्नलिखित शर्तहरुको अधिनमा रही रितपूर्वकको घटाघट प्रक्रियाद्वारा सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको बिशाल बजार स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता **नम्बर १०९०१०००६४९१७००१ मा रु.१,०००|-** (अक्षरेपी: एक हजार रुपैयाँ मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि *कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि कार्यालयमा पेस गरी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।*

२. दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५ औं दिनको कार्यालय समयभित्र खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ। दाखिला हुन आएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धित दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो दिन दरभाउपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा दरभाउपत्र खरिद र दर्ता गरिनेछ।

३. दरभाउपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व:घोषणापत्र पेस गर्नुपर्नेछ।

४. सेवा सञ्चालनको ठेक्का अवधि १ (एक) वर्षको हुनेछ।

५. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन। प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण दरभाउपत्र कागजात खरिद गर्दाका समयमा पेस गर्नुपर्नेछ।

६. दरभाउपत्रदाताले धरौटी वापतको रकम रु. १०,५००|- ( अक्षरेपी: दश हजार पाँच सय रुपैयाँ मात्र) एन्.आई.सी. एसिया बैंक लि., चन्द्रगढी स्थित यस कार्यालयको नाममा रहेको धरौटी खाता नम्बर ६७४२०००३१२७५२४०४ मा नगद जम्मा गरेको धरौटी रकमको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ७५ दिन (दरभाउपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) दरभाउपत्रसाथ पेस गर्नुपर्नेछ। नगद जमानत राखेकोमा पछि बैंक ग्यारेन्टीमा परिणत गर्न पाईने छैन। स्वीकृत दरभाउपत्रदाताले नियमानुसार कार्य सम्पादन जमानत राखी सम्झौता गर्नुपर्नेछ।

७. दाखिला गर्ने दरभाउपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको दरभाउपत्र हो, सो स्पष्ट लेखी श्री चन्द्रगढी नागरिक उड्डयन कार्यालय, भद्रपुर, झापालाई सम्बोधन गरी प्रशासन शाखामा दर्ता गराउनु पर्नेछ।

८. दरभाउपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

११. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np मा उपलब्ध हुनेछ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियमानुसार हुनेछ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ।

नेपाल नागरिक उड्डयन प्राधिकरण चन्द्रगढी नागरिक उड्डयन कार्यालय २०५५ चन्द्रगढी, झापा